जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस् । हामी तपाईंलाई उचित स्थान दिनेछौं । साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला ।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २२१ पृष्ठः ४ | २०८२ पुस ०९ बुधबार (Wednesday 24 Dec. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## समुदायिक परियोजनाहरुको सामाजिक लेखाजोखा, कार्यक्षेत्र बिस्तार गर्न जोड




लहान, ७ पुस । सामाजिक क्षेत्रमा काम गर्दै आएको सिरहाको लहान १० स्थित दलित जनकल्याण युवा क्लवद्वारा साझेदार संस्थाहरुको सहयोगमा जिल्लाको विभिन्न स्थानीय तहमा संचालित सामुदायिक परियोजनाहरुको सोमबार सामाजिक लेखाजोखा गरिएको छ । लहानमा सोमबार आयोजित १९ औं वार्षिक सामाजिक लेखाजोखा कार्यक्रममा सम्बन्धित पालिकाका जनप्रतिनिधि, सेवाग्राही, सरोकारवालाहरुले एक्सन एड, वाटर एड, द फ्रिडम फण्ड र एमसीसीको साझेदारीमा संचालित समुदाय स्तरीय कार्यक्रमहरुको प्रभाव मूल्यांकनसहित कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै कार्यक्षेत्र बिस्तार गरिनु पर्नेमा जोड दिए ।

कार्यक्रममा जिल्ला समन्वय समिति सिरहाका प्रमुख दिनेशकुमार महतोले क्लवले समुदाय तहमा गरेको कार्यक्रमहरुको आफूले पनि समुदायमै गएर अनुगमन गरेको जानकारी दिँदै त्यसले समुदायमा ल्याएको परिवर्तन सह्रानीय रहेको बताए । 'समुदायको आवश्यकतामा आधारित योजनाहरु समुदायकै साझेदारीमा संचालन गरी सरोकारवालाहरुको नियमित अनुगमन, मूल्यांकन गर्दा प्रभावकारी काम हुनुका साथै पारदर्शी काम भएको पाएको छु' उनले भने 'परियोजनाहरुको दायरा अझ बिस्तार गरिनु पर्छ ।'

लेखाजोखा कार्यक्रममा प्रस्तुत स्थानीय अधिकार कार्यक्रम, विकन परियोजना, हरवा चरवा सशक्तिकरण कार्यक्रमको क्रियाकलाप, आय व्यय विवरण समुदायले अनुमोदन गरेको उल्लेख गर्दै उनले समुदायको सशक्तिकरणका लागि गरिने सामुदायिक क्रियाकलापहरुको अन्य संघ संस्थाहरुले पनि लेखाजोखा गर्नुपर्ने आग्रह गरे ।

**'सुशासन र जवाफदेहीतालाई थप बल'**

*-बाँकी तीन पेजमा*

## मासिक १० हजारमा पढाउन १५० आवेदन, माग ३५ जना

सिरहा, ८ पुस । लहान नगरपालिकाले दलित बस्तीमा ट्युसन पढाउन आह्वान गरेको शिक्षकमा धेरै आकांक्षी देखिएका छन् । दलित बस्तीमा ट्युसन पढाउन ३५ शिक्षक माग हुँदा १ सय ५० जनाले आवेदन दिँदै आफूहरु १० हजार रुपैयाँमा पढाउन तयार भएको बताएका हुन् । लहान नगरपालिकाले दलित तथा मुसहर बस्तीमा निःशुल्क ट्युसन कक्षा सञ्चालन गर्ने तयारी गरेको छ ।

नगरपालिकाको शिक्षा शाखाले दलित बस्तीमा ट्युसन कक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ तयार गरी कार्यक्रम अगाडि बढाएको हो । कार्यविधिअनुसार ट्युसन कक्षा सञ्चालनका लागि शिक्षक पदमा दरखास्त आह्वान गरिएकामा माग गरिएको ३५ पदका लागि करिब १ सय ५० जनाको आवेदन परेको शिक्षा शाखा अधिकृत अमिरी यादवले जानकारी दिए । 'मागभन्दा धेरै दरखास्त परेपछि निष्पक्ष छनोटका लागि लिखित परीक्षा लिने निर्णय गरेका छौं । पुस २५ गते लिखित परीक्षा आयोजना गरी शिक्षक छनोट गरिनेछ,' उनले भने । उनका अनुसार शिक्षक छनोट गर्दा स्थानीय तथा सम्बन्धित समुदायका व्यक्तिलाई प्राथमिकता दिइनेछ । छनोट भएका शिक्षकलाई मासिक १० हजार रुपैयाँ पारिश्रमिक उपलब्ध गराइनेछ ।

लहान नगरपालिकाका २४ वटै वडामा करिब ८० टोल दलित तथा मुसहर बस्ती रहेको र ती बस्तीमै ट्युसन कक्षा सञ्चालन गरिने यादवले जानकारी दिए ।

*-बाँकी तीन पेजमा*

## प्रतिलिपि अधिकार संरक्षण गरौं।

- सर्जकको सम्मान शब्दले होइन व्यवहारमा गरौं।
- सिर्जनालाई बचाऊँ, सर्जकलाई सम्मान गरौं।
- अर्काको सृजना वा रचना चोरी नगरौं।
- प्रतिलिपि अधिकार उल्ल न नगरौं।
- बौद्धिक सम्पत्तिको रक्षा गरौं।
- सृजनाको संरक्षण गरौं।
- सर्जकलाई सम्मान, प्रतिलिपि अधिकारको संरक्षण।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सिरहामा १८ वर्षीया किशोरीको बलात्कारपछि हत्या : १६ दिन बित्दा पनि पत्तालागेन हत्यारा, पीडित परिवार न्यायको पर्खाइमा

**सुरेश राय**

सिरहा, ०८ पुस । सिरहाको कर्जन्हा नगरपालिकामा भएको विभत्स घटनामा संलग्नहरु अझै पक्राउ पर्न नसक्दा राज्यको न्याय प्रणालीमाथि गम्भीर प्रश्न खडा गरेको छ । अति विपन्न तथा लप्तसङ्ख्यक समुदायकी १८ वर्षीया किशोरी अबिना दनुवार (काली)को बलात्कार पछि हत्या भएको घटनाको १६ दिन बितिसक्दा पनि दोषी पहिचान र पक्राउ नहुनुले राज्यको शासन प्रणालीमाथि प्रश्न खडा भएको हो ।




गत मंसिर २३ गते बलात्कार पछि हत्या भएका सिरहाको कर्जन्हा नगरपालिका २ बल्टियाकी अबिना दनुवार (कालि) को परिवार बस्दै आएको अधुरो सामुदायीक भवन । यो घटनाले पीडित परिवार मात्र होइन, सिंगो समुदाय भयभित्त र आक्रोत छन् । गरिब, पहुँच विहीन भएकै कारण न्यायबाट वञ्चित हुनुपर्ने परिस्थित सृजना भईरहेको प्रति पीडित परिवार चिन्तत छन् । घटनाप्रति सवन्धित निकायको संवेदनहिनताले गहिरो प्रश्न उठाएको छ । मंसिर २२ गते कर्जन्हा नगरपालिका १ बल्टियाकी सूर्यनाथ बैद्य (मुसहर)की १८ वर्षीया छोरी अबिना दनुवार (काली)को बलात्कार पछि निर्ममता पूर्वक हत्या गरिएको अवस्थामा शव फेला परेको थियो । उनको शव कर्जन्हा नगरपालिका २ स्थित नेपाल फूलकुमारी महतो माध्यमिक विद्यालयको प्राङ्गण नजिकै झाडीमा फालिएको अवस्थामा भेटिएको थियो । शव भेटिएको स्थान इलाका प्रहरी कार्यालयको करिब तीनसय मिटरको दुरीमा छ ।

*-बाँकी तीन पेजमा*




GUPTA BROTHER'S AUTO TRADE Mirchaiya, 033-550744 | 9801552812

# सम्पादकीय

## प्रतिक्रिया र प्रतिशोधको भावनामा नबहकिऊँ

छिमेकी बंगलादेशमा शेख हसिनाको १५ वर्षे शासन मानव अधिकार हनन र विपक्षीहरूको दमनका लागि बदनाम भएको थियो। निर्वाचित अधिनायकवाद भनिनएको उनको शासनको अन्त्यपछि जनसाधारणमा पलाएको आशा भने छिटै नै निराशा र भयमा बदलिएको छ। सडक आन्दोलनबाट हसिनाको शासनको अन्त्य भयो। त्यसपछि मुलुक प्रगतिशील लोकतन्त्रको बाटोमा अग्रसर हुनुपर्नेमा त्यहाँ भिडतन्त्र र कट्टरपन्थीहरूको उदय भयो। यो दक्षिण एसियाकै निम्ति चिन्ताको विषय त हो नै यसले छिमेकी मुलुकहरूको शान्ति र स्थिरतामा समेत चुनौती थपेको छ।

विशेषगरी हिन्दुलगायतका अल्पसङ्ख्यक समुदायमाथि भइरहेका साम्प्रदायिक हमला र मानव अधिकारको चरम उल्लंघनको परिणाम दक्षिण एसियाभर पर्न सक्छ। साथै त्यसले आवेग र उत्तेजनाले शासन बदल्न सके पनि त्यसले शान्ति र न्याय सुनिश्चित स्वतः गरिहाल्दोरहेनछ भन्ने पनि पुष्टि हुन्छ।

नयाँ शासनको सहमा भएका साम्प्रदायिक हिंसा र दमनका सिकार हिन्दुलगायत बङ्गलादेशी अल्पसङ्ख्यकको मानव अधिकारको रक्षा गर्न संयुक्त राष्ट्र संघलगायत अन्तर्राष्ट्रिय समुदाय अगाडि सर्नुपर्छ। नेपालले पनि मानवीय आधारमा नै सही बङ्गलादेशी अल्पसङ्ख्यकप्रति समर्थन प्रकट गर्नुपर्छ। यसका साथै त्यहाँको अवस्थाबाट पाठ सिक्नुपर्छ। बङ्गलादेशमा शेख हसिनाको सरकार ढल्दा नेपालमा परिवर्तनकामी ठूलो सङ्ख्या निकै उत्साहित भएको थियो। राजनीतिकर्मीदेखि बौद्धिक र विचार निर्माताहरूसमेतले नेपाल बङ्कलादेश हुनसक्ने र केहीले त हुनुपर्ने भन्दै सरकार तथा समाजलाई चेतावनी दिएका थिए। परिवर्तनपछिको बङ्गलादेश पनि नेपालका लागि गम्भीर चेतावनी बनेको देखिन्छ। लगभग बङ्कलादेशकै शैलीमा सुरु भएको आन्दोलनमा नेपालमा एकै दिन बीसौं जनाको प्राण गयो भने नेपालमा कहिल्यै नभएको विध्वंस भयो। निजी क्षेत्रका स्थापित उद्यमी व्यवसायीले विध्वंस सहनु पर्‍यो। यद्यपि, राष्ट्रपति र नेपाली सेनासमेतको सुझबुझले नेपालमा अन्योल लम्मिन पाएन। स्थिति छिटै नै सामान्य बन्यो। लागेको थियो नेपालले छिटै नै लोकतान्त्रिक प्रक्रियाबाट राजनीति सच्याउनेछ। तर, पछिल्लो समय पुराना र नयाँ राजनीतिकर्मीहरूबीच अपेक्षाकृत बढी नै कटुता प्रकट हुन थालेको छ। निर्वाचनका लागि दल दर्ता गर्ने समयसमेत सकिएको बेला पनि सडकलाई मुठभेडको थलो बनाउने डरलाग्दो प्रवृत्ति बढ्दै गएको छ। राजनीतिकर्मीको प्रतिशोध र प्रतिक्रियाका कटु अभिव्यक्तिले समाजमा उत्तेजना फैलाएर जनआक्रोशलाई चर्काउने खेल भइरहेको छ। सामाजिक सञ्जालमार्फत फैलिने सस्तो उत्तेजनाले स्थापित संस्थाहरू र विधिको शासनलाई कमजोर बनाउँदै लगेको देखिन्छ। राजनीतिक नेतृत्वले यो प्रवृत्ति नछाड्ने हो भने नेपाल पनि अधिनायकवादको चंगुलमा फस्न बेर लाग्दैन। सामाजिक सद्भाव नेपालको मौलिक पहिचान हो। यही कारणले विगतमा ठूलाठूला राजनीतिक परिवर्तनपछि पनि स्थिति छिटै सहज र सद्भावपूर्ण भएको हो। अहिले कतै त्यही सामाजिक सद्भावको जरा खन्न त लागिएको होइन ? शङ्का र चिन्ता बढ्दैछ।

नेपाल अहिले असामान्य अवस्थामा छ। अहिले सबैले संयम र सुझबुझ देखाए छिटै देशले सहज निकास पाउनेछ। तर यस्तो बेला जनतामा रहेको आक्रोशलाई प्रतिशोधको राजनीतिमा प्रयोग गर्न खोजियो भने त्यो आत्मघाती हुनसक्छ। क्रान्तिपछि संयम र लोकतान्त्रिक विधि अपनाइएन भने झन् ठूलो अन्धकारको आरम्भ हुँदोरहेछ भन्ने पाठ बंगलादेशको नियतिबाट सिक्नु जरुरी छ।

त्यसैले, नेपालका प्रमुख राजनीतिक खेलाडीहरूले उत्तेजनाको खेती छोडेर संयमित, जिम्मेवार र जवाफदेही बन्नुको विकल्प छैन। छिमेकीको घरमा लागेको डढेलो निभाउन नसके पनि आफ्नो घरमा आगोका झिल्का पस्न नदिनु उत्तिकै बुद्धिमानी हो।

# किन दर्जनौं पटक पक्राउ पर्दा पनि फेवातालको सिमसार पुर्न उद्दत छन् खतिवडा?

**युवराज श्रेष्ठ**

काठमाडौं, ८ पुस। पोखराका व्यवसायी युवराज खतिवडाले फेवाताल जलाधार क्षेत्रमा अवैध रूपले डोजर चलाउँदै सिमसार पुर्न थालेको पाँच वर्षभन्दा बढी बितिसकेको छ। यसबीच उनले फेवातालको आकारै घट्ने गरी सिमसार क्षेत्रको ५०० रोपनीभन्दा बढी जमिन पुरिसकेको स्थानीयदेखि पोखरा महानगरका मेयर धनराज आचार्य नै बताउँछन्।

सिमसार क्षेत्र मास्न नपाइने सरकारी नीतिका कारण उनी फेवातालको सिमसार पुर्न थालेयता दर्जनौं पटक पक्राउ परेका छन्। तर हरेक पटक सामान्य जरिवाना बुझाएर छुट्छन्। किनभने, उनलाई कारबाही गर्ने बलियो कानुनी आधार प्रहरीसँग छैन। पछिल्लो पटक सोमबार पनि गण्डकी प्रदेशका भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री प्रकाशबहादुर केसीको सिमसार क्षेत्रमा रहेको जमिन पुर्न जथाभाबी डोजर प्रयोग गरेका उनी पक्राउ परेका थिए।

मंगलबार जिल्ला अदालतमा म्याद थप्न लैजाँदा प्रहरीले उनलाई 'अभद्र व्यवहार' मुद्दामा अनुसन्धान गर्न पाँच दिनको म्याद पाएको छ। पक्राउ गर्न गएका प्रहरीलाई सरूवा गर्नेदेखि विभिन्न धाकधम्की दिएपछि सुरक्षाकर्मीलाई अभद्र व्यवहार गरेको आरोपमा अनुसन्धान गरेर मुद्दा चलाउने निर्णय गरेको प्रहरी कार्यालय बैदामका डिएसपी नमराज भट्टराई बताउँछन्।

'अवैध रूपले डोजर लगाएर फेवातालको सिमसार क्षेत्र पुर्दै गरेको थाहा पाएपछि हाम्रो टोली सोधपुछ गर्न पुगेको थियो। प्रहरीमाथि नै अभद्र व्यवहार गरेपछि अनुसन्धानका लागि पक्राउ गरेका छौं,' डिएसपी भट्टराईले भने। अवैध रूपमा डोजर चलाउने र सिमसार पुर्ने व्यक्तिलाई कारबाही गर्ने कानुनी व्यवस्था नहुँदा प्रहरीले अभद्र व्यवहार मुद्दा चलाएको एक प्रहरी अधिकृत बताउँछन्।

वन तथा भू–संरक्षण मन्त्रालयले जारी गरेको राष्ट्रिय सिमसार नीति २०६९ मा सिमसार पुर्न नपाइने उल्लेख छ। उक्त नीतिमा सिमसार क्षेत्रको पर्यावरण बिग्रिने गरी सिमसार क्षेत्र प्रयोग गर्न नपाइने भनिएको छ। प्राकृतिक स्वरूप बदलेर कुनै संरचना बनाउन नपाइने र सिमसार क्षेत्रमा पाइने जैविक विविधता संरक्षित हुनुपर्ने पनि उल्लेख गरिएको छ। सिमसार नीतिमा उक्त व्यवस्था भए पनि कानुनी रूपमा यस्तो नीति उल्लंघन गर्नेलाई कारबाही गर्ने स्पष्ट व्यवस्था छैन। यसले खतिवडा दर्जनौं पटक पक्राउ पर्दै सामान्य जरिवाना तिरेर छुट्दै आएका छन्।

पोखरा महानगरपालिकाले यसरी अवैध रूपमा जथाभाबी डोजर चलाउने, ढुंगा–माटो ओसारपसार गर्ने र सिमसार पुर्नेलाई कारबाही स्वरूप जरिवाना तोकेको छ। यसमा १० हजारदेखि ५० हजार रूपैयाँ जरिवाना तिर्नुपर्ने उल्लेख छ। सरकारी निकायबाट अनुमति लिएर तिर्नुपर्ने राजस्वभन्दा कम रकम जरिवानामा राखेपछि खतिवडाको मनोबल बढेको हुन सक्ने महानगरका अधिकृतहरू बताउँछन्।

उनीहरूका अनुसार लाखौं–करोडौं कारोबार हुने जग्गाका लागि केही हजार जरिवाना तिरेर उम्किन पाइने भएपछि खतिवडाको मनोबल बढेको हुन सक्छ। पोखरा महानगरका मेयर धनराज आचार्य पनि खतिवडालाई पटक पटक पक्राउ गरे पनि सुधार नआएको बताउँछन्। 'उहाँलाई पटक पटक पक्राउ गरेर जरिवाना तिराइयो, तर उनले जथाभाबी डोजर लगाएर सिमसार पुर्न छाडेनन्,' उनले भने, 'हामीलाई हैरान भइसक्यो।'

संविधानमा सिमसार क्षेत्रलाई संघीय सरकारको एकल अधिकार क्षेत्रमा राखिएको छ। सिमसार संरक्षण गर्न संघीय वन मन्त्रालयले राष्ट्रिय सिमसार नीति ल्याए पनि सिमसार अतिक्रमण गर्नेलाई कारबाही गर्ने कानुन बनाउन सकेको छैन। यसले अन्तर्राष्ट्रिय महत्त्वको पोखराका सिमसार क्षेत्रमा अतिक्रमण बढेको छ। कास्कीका जिल्ला वन कार्यालय प्रमुख कोमलराज काफ्लेले वन ऐनमा सिमसार नसमेटिएकाले अतिक्रमण गर्नेलाई कारबाही गर्न नसकिएको बताए।

वन क्षेत्रभित्र भएका अवैध गतिविधि नियन्त्रण गर्न वन ऐनमा व्यवस्था गरिए पनि सिमसार अतिक्रमण गर्नेलाई के कारबाही गर्ने भनेर उल्लेख नभएको उनको भनाइ छ।

'हामीले वन क्षेत्रभित्र अवैध गतिविधि भएका छन् कि छैनन् भनेर हेरिरहेका छौं, सिमसारको विषय कानुनमा स्पष्ट छैन,' उनले भने, 'कानुनमा व्यवस्था नहुँदा हामीले फेवातालको सिमसार अतिक्रमण गर्नेलाई कारबाहीको दायरामा ल्याउन सकेनौं।'

पोखराको फेवातालसहित नौवटै ताल व्यवस्थापन र संरक्षण जिम्मा पोखरा महानगरले लिएको भन्दै आफूहरूको कुनै अधिकार नभएको काफ्ले बताउँछन्। 'सिमसार संरक्षण गर्न छुट्टै कानुन आवश्यक देखिन्छ,' उनले भने, 'यसैगरी अतिक्रमण बढ्दै जाने हो भने पोखराका तालहरूको अस्तित्व छिट्टै मेटिनेछ।' फेवाताल संरक्षणका पक्षमा पटक पटक मुद्दा लडेकी अधिवक्ता भगवती पहारीले पोखराका सिमसार क्षेत्र बचाउन छुट्टै कानुन आवश्यक परेको बताइन्।

सिमसारमा डोजर चलाउने, पुर्ने र अतिक्रमण गर्ने व्यक्तिलाई सामान्य जरिवाना मात्र तिराएर छाड्दा उनीहरू झन् शक्तिशाली बनेको उनको अनुभव छ। 'फेवातालको सिमसार जोगाउन छुट्टै कानुन चाहिन्छ। डोजर चलाउने, पुर्ने र अतिक्रमण गर्नेलाई फौजदारी अभियोगमा कारबाही गर्न सकिने कानुन आवश्यक देखियो,' उनले भनिन्, 'कानुन नहुँदा अतिक्रमणकारीले छुट पाएका छन्।'

फेवाताल सिमसार क्षेत्र अतिक्रमण गर्नेविरूद्ध जसले पनि उजुरी दिन सक्ने र तत्काल पक्राउ गरी कडा कारबाही हुने अवस्था सिर्जना नहुँदासम्म अतिक्रमण नरोकिने उनले बताइन्। सर्वोच्च अदालतले पटक पटक फैसला गरेर फेवातालको ६५ मिटर मापदण्डभित्रका संरचना ६ महिनाभित्र हटाउने, ताल र सिमसार क्षेत्रका जमिन व्यक्तिका नाममा दूषित तरिकाले भएको दर्ता खारेज गर्ने र व्यक्तिको जग्गा परे चलनचल्ती अनुसार उचित मुआब्जा दिएर तालको नाममा ल्याउन परमादेश दिएको थियो।

सर्वोच्च अदालतले दिएको परमादेश अनुसार तालको सीमांकन सकिएको छ भने मापदण्ड लागू गर्न पिलर गाड्ने काम पनि सकिएको छ। सर्वोच्च अदालतको आदेश अनुसार गठन गरिएको 'फेवाताल चार किल्ला निर्धारण तथा सीमांकन समिति' ले तालको क्षेत्रफल ११ हजार २५५ रोपनी ११ आना १ पैसा कायम गरेको थियो। उक्त सीमांकनसहित फेवातालको चार किल्ला र क्षेत्रफल मन्त्रिपरिषदबाट निर्णय भएर राजपत्रमा प्रकाशित भइसकेको छ।

समितिका संयोजक पुण्यप्रसाद पौडेलले तालको सीमांकन र सर्वोच्च अदालतको आदेश अनुसार संरक्षण योजना सरकारलाई बुझाए पनि अहिलेसम्म कुनै काम हुन सकेको छैन। उक्त समितिले गरेको फेवातालको सीमांकन अनुसार फेवाताल सीमारेखाको परिधि १८ किलोमिटर हुनेछ। फेवातालको चार किल्ला पूर्वमा 'ड्याम साइड', पश्चिममा मोरेबगर, उत्तरमा खपौंदी–चंखपुरबीचको दम्किलो र दक्षिणमा चिसापानी रानी वन कायम गरिएको छ।

यसैगरी फेवातालको तल्लो तटीय क्षेत्र (ड्याम साइड, रानीवन, गौरीघाट, लेकसाइड, गैराको चौतारा, सेदी, खपौंदी, लामीडाँडा, अनदु समेतको क्षेत्र) मा वर्षा यामको अधिकतम पानीको किनारालाई तालको सीमाना मान्ने भनिएको छ। फेवातालको मुहानतर्फ मोरेबगरको माछापोखरीबाट उत्तर–पूर्वतर्फ हर्पन खोला पार गरी भकुण्डे खोलाको अन्तिम घुम्ती नजिक हुँदै माझथुम ढिस्कोको दक्षिणी भागलाई छोई पूर्वतर्फ रहेको दलदले ढाप क्षेत्रलाई समेटी पामे घाँटी मोटर बाटोसम्म कायम गरिएको छ।

फेवाताल संरक्षण गर्न बनाइएको गुरुयोजना सहितको प्रतिवेदन सरकारलाई पेस गर्दा पनि कार्यान्वयनमा चासो नदिएकाले सिमसार पुर्ने घटना बढेको संयोजक पौडेल बताउँछन्। 'हामीले धेरै मेहनत गरेर सर्वोच्च अदालतको आदेश अनुसार फेवाताल संरक्षणको गुरूयोजनासहित प्रतिवेदन बुझाएका थियौं। सरकारले प्रतिवेदन हेर्दा पनि हेरेन,' उनले भने, 'प्रतिवेदन तत्काल लागू गर्ने हो भने पनि यस्ता समस्या आउँदैनन्।'

# कठ्याङ्ग्रियो मधेस : दाउरा छैन, चप्पल बालेर ताप्छन् आगो

बारा, ८ पुस। एक सातादेखि तराईमा बढेको चिसो र शीतलहरका कारण जनजीवन कष्टकर बन्दै गएको छ। शीतलहरले दैनिक ज्यालादारी गरेर गुजारा चलाउने, बालबालिका र वृद्धवृद्धाहरू बढी प्रभावित भएका छन्। स्थलगत रूपमा पुग्दा जिल्लाको दक्षिणी भेगका स्थानीयहरू आगो ताप्न दाउरा नहुँदा खोलाले बगाएर ल्याएका चप्पल, जुत्ता र प्लास्टिक बालेर आगो तापिरहेको भेटियो। जीतपुर सिमरा–२३ का फजुल मियाँ मन्सुरीले चिसो धेरै बढेर दैनिक ज्यालादारी गर्न जान नसक्दा बिहान–बेलुका छाक टार्नै मुस्किल भएको बताए। मन्सुरीले भने, 'ज्यान बचाउन केही न केही त गर्नैपर्‍यो।'

जीतपुर सिमरा–२३ भलुहीका रामसुरज साहले धेरै चिसो बढेकोले पाँच दिनदेखि काममा जान नसकेको बताए। साहले भने, 'चिसो बढेर कमाउन जान सकिएको छैन, सरकारले गरिबहरूलाई दाउरा बाँडिदिए हुन्थ्यो भन्ने हाम्रो अपेक्षा छ। हाम्रो दलित बस्तीमा वडा कार्यालयले अहिलेसम्म केही दिएको छैन।' जीतपुर सिमरा–२३ भलुही टोलमा बाक्लो दलित बस्ती छ। सोही टोलका वीरेन्द्र राउत मेस्तरले वडा कार्यालयबाट दलित बस्तीमा न्यानो कपडा र दाउरा पाए धेरै राहत हुने आशा व्यक्त गरे।

शुक्रबारदेखि तराईमा घाम लागेको छैन। बिहान बाक्लो हुस्सु, कुहिरो र शीतलहर भए पनि दिउँसो सामान्य खुल्ने गरेको छ। शीतलहर र चिसोका कारण जिल्लाका केही पालिकाहरूले विद्यालयमा पठनपाठन बन्द गरेका छन्। परवानीपुर गाउँपालिका प्रमुख रामक्षत्रीप्रसाद कुर्मीले पालिकाभित्रका निजी तथा सामुदायिक विद्यालयहरू शुक्रबारसम्म बन्द गरिएको जनाएका छन्।

**पठनपाठन स्थगित**

यता जीतपुर सिमरा उपमहानगरले पनि प्रतिकूल मौसमका कारण बुधबारदेखि शुक्रबारसम्म विद्यालय पठनपाठन स्थगित भएको जनाएको छ। बाक्लो हुस्सुका कारण सिमरा विमानस्थलबाट हुने उडानहरू पनि प्रभावित भएका छन्। सामान्य अवस्थामा दैनिक आधा दर्जन उडान भए पनि पाँच दिनदेखि छिटपुट मात्रै उडानहरू भइरहेका छन्।

बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले सोमबार बसेको विपत् व्यवस्थापन समितिको बैठकले वन कार्यालयसँग भएका मौज्दात दाउरा पालिकाले खरिद गरेर वितरण गर्ने निर्णय भएको बताएका छन्। उनले जिल्ला र स्थानीय तहको विपत् व्यवस्थापन समितिबिच समन्वय भइरहेको र शीतलहरबाट बचाउन प्रहरी युनिटहरूलाई पनि परिचालन गर्ने जनाएका छन्। जिल्ला प्रशासन कार्यालय बाराले सोमबार जिल्लाका कार्यालय प्रमुखहरूसहित स्थानीय तहका विपत् व्यवस्थापन समितिहरूबिच

**–बाँकी तीन पेजमा**

### समुदायिक...

लहान नगरका शिक्षा शाखा प्रमुख अमिरी यादवले सामाजिक लेखाजोखाले पारदर्शिता, सुशासन र जवाफदेहीतालाई थप बल पुगेको चर्चा गर्दै गुणस्तरीय शिक्षा र सामाजिक रुपान्तरणको अभियानमा उल्लेखनीय काम भएको औँल्याए। 'विद्यालयमा निर्माण गरिएको खानेपानी, शोचालयसहितको पूर्वाधारले विद्यार्थी शिक्षकहरु खुशी छन्, फलस्वरुप पठनपाठन, सिकाई उपलब्धि दर पनि बढेको छ।' लहान नगरपालिका स्वास्थ्य शाखाका बिन्देश्वर चौधरीले क्लवले लहान १०, २२ र २४ स्थित स्वास्थ्य चौकीमा स्वच्छ खानेपानी, शौचालयसहितको पूर्वाधार निर्माण गरिदिएपछि सेवा प्रवाह गर्न सहज भएको बताए। 'खानेपानीजन्य रोगमा तेस्रो स्थानमा रहेको लहानमा स्वास्थ्य चौकीमा गरिएको सहयोगले गुणस्तरीय सेवा प्रवाह गर्न सजिलो भएको छ' उनले भने 'अन्य स्वास्थ्य चौकीहरुमा पनि त्यस्तै खालको पूर्वाधारको विकास गर्न आवश्यक छ।'

बरियापट्टि गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत शत्रुधनप्रसाद यादवले पालिका क्षेत्रका गरिब, विपन्न, दलित समुदायको आयआर्जन, शिक्षा, महिला, हरवा चरवाको पक्षमा उल्लेखनीय काम भएको बताए। 'कृषि, स्वच्छ खानेपानी, पोषण सुधार, कृषिमा यान्त्रिकीकरणले विपन्न, दलितहरुको अवस्था सुधार हुँदै गएको छ' उनले भने 'सामूहिक करार खेतीले आत्मनिर्भरतातर्फ उन्मुख हुँदै गएका छन्।' गैरसरकारी संस्था महासंघ सिरहा अध्यक्ष गोविन्दराज विष्टले सीमित स्रोतमा समुदायका लागि के के काम गरियो, कति खर्च भयो, त्यसको नतिजा कस्तो रह्यो लगायतका विषयहरु लक्षित समूह, सरोकारवाला निकायलाई राखेर पारदर्शी गर्नु अनुकरणीय रहेको र सुशासनका लागि जिल्लाका अन्य संस्था तथा सरकारी निकायले पनि त्यसो गर्नुपर्ने खाँचो औंल्याए।

कार्यक्रममा समुदायका लहान १८ अमहीस्थित सहिद रामलक्ष्मण आधारभूत विद्यालयका प्रधानाध्यापक रामु यादव, लहान १४ बस्तीपुरकी दलित महिला अगुवा सरिता राम, २२ बर्छवाकी ललितादेवी राम, लहान २४ गोविन्दपुरस्थित लेखनाथ मा.वि.की कक्षा १० की छात्रा प्रनिशा चौहान, पडरिया थारुटोलस्थित मा.वि.की शिक्षिका सुकुमाया रमौली, बरियारपट्टि गाउँपालिका ३ की विष्णुदेवी सदा, लहान १२ की जमुना सदा, लहान २२ सिसवनीकी सुमित्रा मण्डल, लहान २४ की कृष्णमाया रम्तेल, धनगढीमाईस्थित एकता युवा संजालकी अध्यक्ष अनिता चौधरी, श्रमिक महिला अगुवा सोनियदेवी सदाय लगायतले कलवको सहयोगमा समुदाय र विद्यालयमा संचालित कार्यक्रमले समुदायलाई सशक्त बनाउनुका साथै अवस्था फेरिँदै गएको धारणा व्यक्त गरे।

**सामुदायिक जागरण र सशक्तिकरण**

कार्यक्रममा पत्रकार मणिलाल विश्वकर्माले समुदाय तहमा संचालित कार्यक्रमहरुको अनुगमनको क्रममा पाइएका मुख्य उपलब्धिहरुको प्रस्तुतीकरण गर्दै समुदाय तहमा संचालित क्रियाकलापहरुको त्रुटी कमजोरी तत्काल औंल्याएर सुधार गर्नुपर्ने बताए। 'लहान नगर क्षेत्रमा पानीजन्य रोगहरु विरुद्ध गुणस्तरीय उपचार सेवा प्रवाहका लागि स्वास्थ्य चौकीहरुमा खानेपानीसहित शौचालयको स्तरोन्नति गरिनु पर्छ' उनले भने 'भूमिहीनताको समस्या भोलिरहेका दलित हरवा चरवाहरुले स्थानीय र प्रदेशगत कार्यालयहरुबाट सेवा सुविधा लिन जगाधनी दर्ता प्रमाण पूर्जा बुझाउनु पर्ने व्यवस्था परिमार्जनका लागि पहल गरिनु पर्छ।'

त्यस्तै, महिला तथा बालबालिकाहरु सशक्त हुँदै गएको उल्लेख गर्दै उनले ज्याला बृद्धि अभियानसँगै दलित, महिलाहरुलाई आयआर्जनका लागि सीपमूलक तालिममा थप जोड दिइनु पर्ने औंल्याए। दलित समुदायमा पनि बाल विवाह विरुद्ध जागरुकता बढ्दै गएको चर्चा गर्दै उनले भने 'विद्यालयमा स्थापना गरिएको जेण्डर डेस्कले महिनावारी भएका किशोरीहरुलाई मनोपरामर्श, आवश्यक उपचारका लागि स्वास्थ्यकर्मी ल्याइनु असल अभ्यास हो।' लहान १२ पडरिया थारुटोलस्थित मा.वि.मा स्थापना गरिएको बाल क्लवलाई वडा कार्यालयले ५० हजार रुपैयाँ नगद दिनुले स्थानीय सरकार पनि बालबालिकाप्रति संवेदनशील हुँदै गएको दृष्टान्त रहेको उनको भनाई थियो। सामुदायिक बचत परिचालनले स-साना घरायसी व्यवहारका काम गर्न चर्को ब्याजमा ऋण लिनुपर्ने बाध्यताबाट मुक्त हुँदै गएको, जातीय विभेद विरुद्ध जागरुकता बढ्दै गएको, शिक्षा स्वास्थ्य रोजागारीका लागि अभिभावकीय सचेतना अभिबृद्धि र अधिकारका लागि सरोकारवालाहरुलाई निरन्तर घच्घच्याई रहनु पर्नेमा उनको जोड थियो।

कार्यक्रममा स्थानीय अधिकार कार्यक्रम, विकन परियोजना, हरवा चरवा सशक्तिकरण कार्यक्रम र एकीकृत जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत समुदाय स्तरमा संचालित कार्यक्रम, उपलब्धि, असल अभ्यास र सिकाई, आगामी योजनाको विषयमा क्रमशः विनोद यादव, राजेश लोहनी, बहादुर सदाय र लालप्रसाद पाखरेलले प्रस्तुतीकरण गरेका थिए भने प्रशासन तथा लेखा प्रमुख मानबहादुर आले मगरले चारवटै परियोजनाको सन् २०२४ को आम्दानी र खर्च विवरण प्रस्तुत गरेका थिए। क्लवका अध्यक्ष उमेशकुमार विसुन्केको अध्यक्षतामा भएको कार्यक्रममा पत्रकार भरत जर्घामगरको उद्घोषण रहेको थियो भने कार्यकारी निर्देशक विनोदकुमार विसुन्केले सहभागीहरुलाई स्वागत गर्दै लेखाजोखा कार्यक्रमको औचित्यको विषयमा प्रष्ट्याएका थिए।

### सिरहामा १८ वर्षीया...

बल्टियाकी स्थानीय पानवती कुवर भन्छिन, 'घटना भएको दिनदेखि हामीले छोराछोरीलाई बाहिर निस्किन दिएका छैनौं। आफैंलाई डर लाग्छ। कसले गऱ्यो थाहा छैन, तर जसले गरे पनि दोषीलाई तत्काल पक्राउ गरेर कानुनी कारबाही हुनुपर्छ।'

परिवारका अनुसार अबिना मंसिर २२ गते साँझ करिब ८ बजे छिमेकीको घरमा मोबाइल चार्जमा राख्न जान्छु भन्दै घरबाट निस्केकी थिइन्। राति अबेरसम्म घर नफर्किएपछि परिवार र स्थानीयले खोजी सुरु गरेका थिए। तर भोलिपल्ट दिउँसो करिब १ बजमात्रे अबिनाको शव भेटिएको खबर परिवारलाई दिइयो। घटना भएको आज १६ औं दिन बितिसक्दा पनि दोषी पहिचान र पक्राउ नहुनु राज्य र प्रहरी प्रशासनमाथि गम्भीर प्रश्न खडा भएको स्थानीय बताउँछन्। स्थानीयहरु भन्छन्, प्रहरीको नाकै सामुने शव फेला परेको छ। घटनाको १६ दिन वितिसक्दा पनि संलग्नहरु पहिचान नहुनु र पक्राउ नपर्नुले सन्देह पैदा गरेको छ।

पीडितकी आमा भन्छिन, 'पापीहरुले छोरीलाई लुचेर नपुगेपछि हत्या गर्यो। घटनाको पनि आज १६ दिन बितिसक्यो, तर अहिलेसम्म प्रहरीले हत्यारा पक्रन सकेको छैन। हामी गरिब भएकै कारण छोरीले न्याय नपाउने हुन् की भन्ने चिन्ता बढ्दै गएको छ।' उनले थपे, 'हुनेखानेको घटनामा तुरुन्तै सुनुवाइ हुन्छ, हामीसँग पैसा छैन, पहुँच छैन। न प्रहरीले हाम्रो सुन्छ, न नेता, मन्त्री, सांसद कसैले हामीलाई गन्छ, मलाई त यो घटना त्यसै तुहाउने खेल सुरुभएजास्तो लाग्छ।'

बस्ने घरसमेत आफ्नै नभएका उनीहरु अधुरो सामुदायिक भवनमा पाल टाँगेर बस्दै आएका छन्। तर केही स्थानीयले 'हत्याकाण्डमा निमुखाहरुलाई फसाउन खोजेको' बताएको छ। घटना भएको तीन दिनसम्म कुनै सुनुवाई नभएपछि स्थानीले चौथो दिन पूर्व-पश्चिम महेन्द्र राजमार्ग अन्तर्गत बन्दिपुर अवरुद्ध गर्दै आन्दोलन गरेका थिए। आन्दोलनपछि प्रहरी प्रशासन, जनप्रतिनिधि र आन्दोलनकारीबीच केही दिनभित्र दोषी पक्राउ गरी कारबाही गर्ने सहमति भएको थियो।

सहमति भएको १२ दिन बितिसक्दा पनि कुनै ठोस प्रगति नदेखिएको भन्दै स्थानीय महिला अधिकारकर्मी र युवाहरू आक्रोशित छन्। उनीहरले अब दुई–तीन दिनभित्र दोषी पक्राउ गरी सार्वजनिक गरिएन भने फेरि आन्दोलनमा जाने चेतावनी दिएका छन्। घटनाको १६ दिन बितिसक्दा पनि दोषी पत्ता नलगाउनु प्रहरीको गम्भीर कमजोरी रहेको उनीहरुको आरोप रहेको छ।

'निर्दोषलाई समातेर दुःख दिने तर वास्तविक अपराधीलाई पहिचान गर्न नसक्नु प्रहरीको असफलता हो। कतै जनप्रतिनिधि, मन्त्री, सांसदको दबाबमा दोषी जोगाउने प्रयास त भइरहेको छैन?' उनीहरुले शङ्का व्यक्त गरे। यस विषयमा जिल्ला प्रहरी कार्यालय सिरहाका एसपी अनन्तराम शर्माले प्रतिक्रिया दिन मानेनन्। अनुसन्धान भइरहेको छ, भन्दै थप जानकारी दिन अस्वीकार गरे।

तर प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले प्रहरीको बचाउन गर्दै भने, 'प्रहरी निरीह छैन, मैले थाहा पाए अनुसार घटनाको धेरै नजिक पुगिसकेको छ। छिट्टै दोषी पक्राउ गरी कानुनी कारबाही हुन्छ। यसमा सबैले विश्वास गरौं।'

तर प्रश्न अझै उस्तै छ। घटनाको १६ दिन बितिसक्दा पनि हत्यारा किन खुला छन ? के गरिब भएकै कारण न्याय ढिलो हुन्छ? राज्यले कहिले कहिले सबै नागरिकलाई समान व्यवहार गर्छ ?

### मासिक १० हजारमा ...

'ट्युसन कक्षा बिहान वा बेलुका दैनिक दुई घण्टा सञ्चालन हुनेछ,' उनले थपे। नगरपालिकाले गरेको सर्भेअनुसार ८० टोल दलित तथा मुसहर बस्तीमा करिब एक हजार २ सय दलित बालबालिका छन्। आगामी माघको पहिलो हप्ताबाट ट्युसन कक्षा सञ्चालन गर्ने तयारी गरिएको र कक्षा सञ्चालनपछि अनुगमनका लागि एक जना अनुगमनकर्ता पनि खटाइने शिक्षा शाखाले जनाएको छ।

नगरप्रमुख महेशप्रसाद चौधरीका अनुसार चालु आर्थिक वर्ष २०८१–८२ का लागि निःशुल्क ट्युसन कक्षा सञ्चालन गर्न ३० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ। 'दलित तथा मुसहर बालबालिका विद्यालयमा नियमितता नहुने समस्या देखिएको छ। ट्युसन कक्षाले उनीहरूलाई पढाइमा निरन्तरता दिन सहयोग गर्ने विश्वास लिएका छौं,' नगरप्रमुख चौधरीले भने। नगरपालिकाले यो कार्यक्रममार्फत शिक्षाबाट पछि परेका समुदायका बालबालिकाको शैक्षिकस्तर उकास्ने लक्ष्य लिएको जनाएको छ।

### कठ्याङ्ग्रियो मधेस...

शीतलहरबाट नागरिकलाई कसरी बचाउने भन्ने विषयमा छलफल कार्यक्रम राखेको थियो।

# जलेको उखु चिनी उद्योगले किन्ने

**जनार्जन खत्री**

सर्लाही, ८ पुस। एक साताअघि सर्लाहीको गोडैता नगरपालिका – ४, रोहुवामा आगलागीबाट क्षति भएको उखु चिनी मिलहरुले खरिद गरिदिने भएका छन्। मंगलबार साँझ जिल्ला प्रशासन कार्यालय सर्लाहीमा प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाको अध्यक्षतामा सम्पन्न बैठकमा इन्दुशङ्कर चिनी उद्योग हरिवन र महालक्ष्मी चिनी उद्योग बगदहले जलेको उखु तत्काल खरिद गर्ने सहमति जनाएका हुन्।

आगलागी भएको उखुमा रस कति रहेको छ भनी ल्याब परीक्षण गरी उखु खरिद गर्न दुवै चिनी मिल तयार भएको बैठकमा सहभागी गोडैत नगरपालिकाका प्रमुख देवेन्द्र यादवले जानकारी दिनुभयो। इन्दुशंकर चिनी उद्योग हरिवनका प्रशासकीय प्रमुख ठाकुर नेपालले जलेको उखु परीक्षण गरेपछि मात्रै किसानलाई के कति मूल्य दिने भन्ने निधो हुने बतउनुभयो। चिनी उद्योगमा बेच्नेबेला ठिक्क भएको उखु गएको सोमबार आगलागीबाट जलेपछि रोहुवाका किसान चिन्तित रहेका थिए।

पीडित किसानले जलेको उखु बिक्री गर्ने वातावरण मिलाइ दिन र राहत प्रदान गर्न हारगुहार गरिरहेका थिए। अब भने चिनी उद्योगले उखु किनिदिने भएपछि किसान खुसी भएका छन्। व्यावसायिक रुपमा उखु खेती हुने रोहुवा गाउँमा अगलागीबाट सुरुमा ५० बिघाको उखु जलेको आँकलन गरिएको थियो। पछिल्लो पटक गरिएको सर्वेक्षणमा २५ बिघाको हाराहारीमा उखु जलेको पाइएको र भोलि प्रहरीसहित थप एकिन विवरण लिएर सम्बन्धित निकायहरुमा क्षतिको विवरण

–बाँकी अन्तिम पेजमा

# हिजो श्रमिक बेचिन्थे, आज विद्यार्थी बेचिँदै छन्

**नवीन अधिकारी**


नेपालको इतिहास पल्टाउँदा हामीले एउटा दोहोरिँदो चित्र देख्छौँ— मानिसलाई वस्तुका रूपमा बेच्ने र निर्यात गर्ने। कुनै समय यो देशबाट गोर्खाली सैनिक पठाइन्थे, पछि खाडी मुलुकतर्फ श्रमिकहरू धकेलिन थाले। आज त्यो क्रम रोकिएको छैन बरु त्यसको स्वरूप नै बदलिएको छ। अब शरीरको श्रम होइन, युवाको सपना र भविष्य निर्यात भइरहेको छ— अध्ययनको नाममा। काठमाडौँका गल्लीदेखि साना सहरका बजारसम्म 'एजुकेसन कन्सल्टेन्सी' का साइनबोर्डहरू सजिएका छन्। झिलिमिली अफिस, आकर्षक ब्रोसर, चम्किला वेबसाइट र सामाजिक सञ्जालमा गरिएका दाबी हेर्दा लाग्छ— यी कन्सल्टेन्सीहरू बगेर विश्वका कुनै पनि विश्वविद्यालय पुग्न सम्भव छैन। अक्सफोर्ड, हार्वर्ड, क्याम्ब्रिज, एमआईटी जस्ता विश्वप्रसिद्ध विश्वविद्यालयका लोगो र नाम यति सजिलै प्रयोग गरिन्छ, मानौँ ती संस्थाहरू नेपालका गल्लीमै शाखा खोलेर बसेका हुन्।

तर, यहाँ एउटा गम्भीर प्रश्न जन्मिन्छ— के साँच्चै हाम्रो जस्तो शैक्षिक, आर्थिक र संरचनागत रूपमा कमजोर देशको कुनै सानो कोठामा खोलिएको कन्सल्टेन्सीले विश्वका शीर्ष विश्वविद्यालयहरूमा विद्यार्थी पठाउने हैसियत राख्छ ? कि यी नामहरू केवल व्यापार बढाउने हतियार मात्र हुन् ? विश्वका उत्कृष्ट विश्वविद्यालयहरूमा पढ्न जानु केवल फारम भर्ने प्रक्रिया होइन। त्यहाँ विश्वभरिका उत्कृष्ट विद्यार्थीहरूबिच कठोर प्रतिस्पर्धा

–बाँकी अन्तिम पेजमा

# प्रभावकारी बन्दै दिगो वन व्यवस्थापन कार्यक्रम

रौतहट, ८ पुस। रौतहटका सामुदायिक वनमा दिगो वन व्यवस्थापन कार्यक्रम प्रभावकारी बन्दै गएको छ। मंगलबार हातेमालो सामुदायिक वन उपभोक्ता समूह चन्द्रपुर–४ र ६ ले वन संवर्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनसम्बन्धी अन्तरक्रिया आयोजना गरिएको थियो। सो अन्तर्क्रियामा चन्द्रपुर सब डिभिजन वन कार्यालयका प्रमुख अनिल महतोले दिगो वन व्यवस्थापन कार्यक्रमले हातेमालो सामुदायिक वन उपभोक्ता समूह देशकै नमूना सामुदायिक वनको रूपमा स्थापित भएको बताउनु भयो। सो सामुदायिक वनको कूल



क्षेत्रफलको २८२ हेक्टरमध्ये २७४ हेक्टर वन क्षेत्र उत्पादनशील रहेको उहाँले जानकारी दिनु भयो। आठ वटा आवधिक खण्ड बनाएर संरक्षण गरिँदै आएको उक्त सामुदायिक वनमा बाली चक्र ८० वर्ष कायम गरेर वन संरक्षण कार्ययोजना बनाइएको वन अधिकृत महतोले जानकारी दिनु भयो। एक खण्डमा करिब साढे ३४ हेक्टर जंगल रहेको र एक खण्डलाइ १० वटा भागमा विभाजन गरी दिगो वन व्यवस्थापन कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ। चालु आर्थिक वर्षमा मात्रै साढे तीन हेक्टर वन क्षेत्रमा एक हजार ६९७ रुखमध्ये ३७२ वटा रुख माउ रुखको रूपमा कायम गरिएको र बाँकी एक हजार ३२५ वटा रुख पुनःउत्पादन तथा कटानका लागि सिफारिस गरिएको छ।

–बाँकी अन्तिम पेजमा

## जलेको उख...

पठाउने सहमति भएको नगरप्रमुख यादवले बताउनुभयो।

मधेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादवले गएको बिहीबार आगलागी भएको उखु खेतीको निरीक्षण गर्दै नेपाल सरकारले निर्धारण गरेको मूल्यमा चिनी उद्योगले खरिद गरेर बाँकी हुने रकम प्रदेश सरकारले उपलब्ध गराउने आश्वासन दिनुभएको थियो। पीडित किसानले कृषि तथा पशुपन्छी विकास मन्त्रालयसम्म गुनासो पुगेपछि रोहुवामा आगलागी भएको उखु खेतीको कृषि विभागको टोलीले समेत अनुगमन गरेर मंगलबार मात्रै काठमाडौं फर्किएको छ।

प्रमुख जिल्ला अधिकारी कडरियाले हरिवन र बगदहमा रहेका दुवै चिनी उद्योगका प्रतिनिधिलाई बोलाएर उखुमा रहेको रसको मात्राअनुसार खरिद गरिदिन आग्रह गरेपछि दुवै उद्योग सकारात्मक भएका बताउनुभयो। मङ्गलबारको छलफलमा सुरक्षा प्रमुख, गोडैताका जनप्रतिनिधि, कर्मचारी, दुवै चिनी उद्योगका प्रतिनिधि, अगुवा उखु किसान र पीडित किसान सहभागी भएका थिए।

## हिजो श्रमिक...

हुन्छ। असाधारण शैक्षिक उपलब्धि, अनुसन्धान क्षमता, अन्तर्राष्ट्रिय स्तरको शैक्षणिक दृष्टि र उच्चस्तरीय सिफारिस पनि चाहिन्छ। यसको अभावमा संस्थाहरूमा प्रवेश पाउनु लगभग असम्भव मानिन्छ।

तर नेपालका धेरै कन्सल्टेन्सीले यो यथार्थ विद्यार्थीलाई स्पष्ट रूपमा बताउँदैनन्। बरु 'सबै मिलाइ दिन्छौँ', 'हामीसँग विश्वविद्यालयको प्रत्यक्ष सम्पर्क छ', 'छात्रवृत्ति पक्का' जस्ता आश्वासन बाँड्छन्। यहीँबाट सुरु हुन्छ, अध्ययन प्रक्रिया होइन, डिल प्रक्रिया। धेरै कन्सल्टेन्सीहरूका लागि विद्यार्थी ज्ञान खोज्ने व्यक्ति होइन, कमिसन दिने 'फाइल' मात्र हुन्। विद्यार्थीको रुचि, क्षमता र दीर्घकालीन लक्ष्य भन्दा पनि कुन देशको विश्वविद्यालयमा अस्वीकृत हुने सम्भावना कम छ, कुन विश्वविद्यालयले एजेन्टलाई पैसा दिन्छ, कुन भिसा छिटो लाग्छ आदि कुरामा विद्यार्थी अल्भिन पुग्छ। मोलमोलाइ यहीँबाट सुरु हुन्छ। यसरी विद्यार्थीको भविष्य एउटा व्यापारिक समीकरणमा सीमित हुन जान्छ।

खोज गर्दा देखिन्छ— विद्यार्थीलाई प्रायः उनी आवेदन दिइरहेका विश्वविद्यालयको वास्तविक स्तर, अध्ययन हुने पाठ्यक्रमको अन्तर्राष्ट्रिय मान्यता वा भविष्यको रोजगारी सम्भावनाबारे स्पष्ट जानकारी नै दिइँदैन। किनभने यस्ता प्रश्नले शङ्का जन्माउँछन् र शङ्काले व्यापार बिगार्न सक्छ। त्यसैले सत्य भन्दा सजिलो सपना बेचिन्छ। यस व्यापारमा सबैभन्दा ठुलो हिस्सा आर्थिक शोषणको छ। अप्लिकेशन प्रोसेसिङ, डकुमेन्टेशन, अन्तर्वार्ता तयारी, भिजा सर्भिस र ट्रेनिङ शुल्क जस्ता शीर्षकमा विद्यार्थीबाट लाखौँ असुलिन्छ। विडम्बना के भने— यीमध्ये अधिकांश काम विद्यार्थी आफैँले गर्न सक्छन्, त्यो पनि निःशुल्क वा न्यून खर्चमा। तर कन्सल्टेन्सीले यस्तो वातावरण बनाइदिन्छ कि उनीहरू बिना केही सम्भव छैन। यसरी शिक्षा होइन, निर्भरता बेचिन्छ।

धेरै विद्यार्थीहरू हार्वर्ड, अक्सफोर्ड, एमआईटीको सपना बोकेर कन्सल्टेन्सीको ढोका ढकढक्याउँछन्। उनीहरूलाई आश्वासन दिइन्छ— 'प्रयास गरौँ', 'सम्भावना छ', 'व्यक्ति प्रोफाइल हामी बनाइदिन्छौँ' आदि। तर अन्त्यमा ती विद्यार्थीहरू पुग्छन् न्यून र्‍याङ्किङ निजी विश्वविद्यालयमा वा केवल अन्तर्राष्ट्रिय विद्यार्थीबाट पैसा उठाउने संस्थामा। जब प्रश्न उठाइन्छ तब जवाफ दिइन्छ 'तपाईंको प्रोफाइल कमजोर रहेछ'। तर त्यो सत्य पहिल्यै कहिल्यै भनिँदैन। यस सम्पूर्ण प्रक्रियामा राज्यको भूमिका झनै चिन्ताजनक छ। शिक्षा मन्त्रालय र सम्बन्धित निकायहरू कागजी अनुमति र प्रक्रियामा सीमित देखिन्छन्। कन्सल्टेन्सी खोल्न के कस्तो योग्यता चाहिन्छ, झूटो दाबी गरे के सजाय हुन्छ, विद्यार्थी ठगिए कहाँ जान्छ यी प्रश्नहरूको स्पष्ट उत्तर छैन। नियमनको कमजोरीले शिक्षा क्षेत्रलाई खुला बजार बनाइदिएको छ, जहाँ नियम भन्दा दलाली बलियो छ।

अभिभावक र समाज पनि अनजानमै यस व्यापारका साझेदार बन्दै गएका छन्। 'नेपालमा केही छैन', 'विदेश नगई भविष्य छैन' भन्ने मानसिकताले कन्सल्टेन्सीहरूलाई थप शक्ति थपिदिएको छ। विदेश अध्ययन आफैँमा गलत होइन, तर आम मानिसको सपनालाई बजारमा बेच्नु गम्भीर समस्या हो। निष्पक्ष रूपमा भन्नुपर्दा, सबै कन्सल्टेन्सी खराब छैनन्। केही संस्थाहरू इमानदारीपूर्वक मार्गदर्शन गर्छन्, विद्यार्थीलाई यथार्थ बुझाउँछन्, स्वयंलाई आवेदन भर्न सक्षम बनाउने पनि छन्। तर समस्या के हो भने— राम्रा र खराब छुट्ट्याउने संयन्त्र छैन। खराब कन्सल्टेन्सीले राम्रोको नाम पनि बदनाम गरिरहेको छ।

यही सन्दर्भमा एउटा गम्भीर प्रश्न छ, के अध्ययनको नाममा भइरहेको यो प्रक्रिया नयाँ प्रकारको मानव बेचबिखन होइन ? जब विद्यार्थी वस्तु बन्छ, सपनाको मूल्य तोकिन्छ र भविष्यको व्यापार हुन्छ, तब यसलाई तपाईं के भन्नु हुन्छ ? हिजो श्रमका लागि श्रमिक बेचिन्थे आज विद्यार्थी बेचिँदै छन्। आज यसबारे बोलिएन भने, भोलि यो देशले शिक्षित युवा होइन, ठगिएका पुस्ता उत्पादन गर्नेछ। विद्यार्थी विदेश पढ्न जाँदै छन् कि अध्ययनको नाममा बेचिँदै छन यो प्रश्न अब विद्यार्थीको मात्र होइन, नागरिक, समाज र राज्यको हो। रातोपाटीबाट

## प्रभावकारी बन्द...

डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्तकुमार साहले जिल्लामा तीन वटा सामुदायिक वन र एउटा साझेदारी वनमा दिगो वन व्यवस्थापन कार्यक्रम लागु भएको जानकारी दिनु भयो। तिलेश्वरनाथ सामुदायिक वन उपभोक्ता समूह, भोर्लेनी सामुदायिक वन उपभोक्ता समूह र हातेमालो सामुदायिक वन उपभोक्ता समूह तथा रंगपुर साझेदारी वन उपभोक्ता समितिमा सो कार्यक्रम लागु भएको उहाँको भनाइ छ।

सामुदायिक वन उपभोक्ता महासंघ रौतहटका अध्यक्ष बेदहरी दाहालले दिगो वन व्यवस्थापन कार्यक्रम इमानदारिताका साथ काम गरे फाइदै फाइदा हुने बताउनु भयो। हातेमालो सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष रामलाल ठोकरले आफूले नेतृत्व गरेको सामुदायिक वन साल उत्पादन तथा संरक्षणमा देशमै नमूनाको रूपमा परिचित हुँदै गएको उल्लेख गर्नु भयो।

# बेवारिसे अवस्थामा भरुवा बन्दुक फेला

**मणिलाल विश्वकर्मा**



लहान, ८ असोज। सिरहाको चुरे क्षेत्रमा पर्ने धनगढीमाई नगरपालिका– १३ डाबर टोलको चितुवा खोलानजिक बेवारिसे अवस्थामा एक थान भरुवा बन्दुक फेला परेको छ। जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार इलाका प्रहरी कार्यालय विष्णुपुरकट्टीबाट खटिएको प्रहरी गस्ती टोलीले चितुवा खोलानजिक बेवारिसे अवस्थामा सोमबार अपराह्न एकनाले भरुवा बन्दुक फेला पारेको हो।

प्रहरीले उक्त बन्दुक बरामदपछि इलाका प्रहरी कार्यालय लहानमा ल्याएर थप अनुसन्धान गरिरहेको जनाएको छ। चुरे क्षेत्रमा पर्ने गाउँबस्तीमा स्थानीय किसानहरूले लगाएको बालीनाली जंगली जनावरहरूले खाएर नष्ट गर्न थालेपछि स्थानीय किसानहरूले बालीनालीको सुरक्षाका लागि बन्दुक राखेको हुन सक्ने अनुमान गरिएको छ। बरामद गरिएको भरुवा बन्दुक कसको हो भन्ने विषयमा थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ। प्रहरीले त्यसअघि गत २० वैशाखमा पनि गोलबजार नगरपालिका– १० डण्डा गाउँको आँपको बगैँचाछेउको झाडीमा फालिएको अवस्थामा दुई थान भरुवा बन्दुक बरामद गरेको थियो।

# दुई नाबालकसहित ११ कैदीबन्दी पक्राउ



सिरहा, ८ पुस। जेनजी आन्दोलनका क्रममा गत २४ भदौमा देशका विभिन्न बाल सुधार गृह तथा कारागारबाट फरार भएका कैदीबन्दीमध्ये सिरहा प्रहरीले हालसम्म दुई नाबालकसहित ११ जनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालयकाअनुसार जलेश्वर, नख्खु, जगन्नाथ देवल, सप्तरी, सिन्धुली, केन्द्रीय कारागार तथा बाल सुधार गृह वीरगञ्जबाट फरार भएका कैदीबन्दी पक्राउ परेका हुन्। पक्राउ परेकामध्ये नौ जनालाई सम्बन्धित कारागार तथा सुधार गृहमा बुझाइसकिएको छभने बाँकी दुई जनालाई बुझाउने प्रक्रिया चलिरहेको जिल्ला प्रहरीका प्रहरी निरीक्षक ओमप्रकाश पण्डितले जानकारी दिए।

यसैबिच, प्रहरीले धनगढीमाई नगरपालिका–११ डाबरटोलस्थित चितवा खोला नजिकबाट सोमबार दिउँसो बेवारिसे अवस्थामा एक नाल भरुवा बन्दुक फेला पारेको छ। सो बन्दुकका सम्बन्धमा इलाका प्रहरी कार्यालय लहानले अनुसन्धान गरिरहेको जनाएको छ।








मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)